## अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः९ मितिः२०८१/१०/२४

**भाग-२**

**बर्दगोरिया गाउँपालिका**

बर्दगोरिया गाउँपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१

आज्ञाले

नन्दा कुमारी भट्ट

प्रमुख प्रशासकिय अधिकृत

## बर्दगोरिया गाउँपालिका भित्र मृत्यु भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१०/ १३
प्रमाणीकरण मितिः २०८१।१०।२३

प्रस्तावनाः

यस बर्दगोरिया गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने व्यक्तिहरुको कुनै दुर्घटना कालगति वा अन्य जुनसुकै कारणले मृत्युवरण भएमा निजको परिवारलाई राहत पुर्याउने उद्देश्यले निजको परिवारलाई मलामी खर्च उपलब्ध गराउन वान्छनीय भएकोले.

बर्दगोरिया गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरि बर्दगोरिया गाउँपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८१ बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बर्दगोरिया गाउँपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१" रहेको छ
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

(क) "मलामी खर्च आर्थिक सहायता" भन्नाले मृतकको परिवारलाई आ-आफ्नो जातिय परम्परा अनुसार गरिने मृत्यूसंस्कार कार्यको लागि दिइने खर्च भन्ने बुझ्नुपर्दछ।
(ख) "परिवार" भन्नाले मृतकका एकाघरका सदस्य वा एकाघर सदस्य नभए निजको आफ्नै जातिय परम्परा बमोजिम मृत्यूसंस्कार गर्ने व्यक्ति भन्ने बुझ्नुपर्दछ।

**३ जिम्मेवारी सम्बन्धमाः**

मृत्युको सूचना तथा महाप्रस्थान यान मागका लागि अध्यक्षज्यूको सचिवालयमा सूचना गर्ने जिम्मेवारी मृतकका घरपरिवारको हुनेछ। महाप्रस्थान यानको समयमै प्राप्तीका लागि सम्पर्क व्यक्ति र मोवाइल नं कार्यालयले तोक्नेछ।

**४. सबै मृतकका परिवारलाई मलामी खर्च रकम प्रदान गर्न सकिनेः**

बर्दगोरिया गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने घरपरिवारका सदस्यको दुर्घटना वा कालगति वा अन्य जुनसुकै कारणले मृत्यु भएमा निजको परिवारका सदस्य, नातेदार वा हकवालालाई रु १०,०००/- (अक्षरेपी रु. दश हजार मात्र) मलामी खर्च आर्थिक सहायता बापतको रकम उपलब्ध गराइनेछ।

**५. मलामी खर्च आर्थिक सहायता वापतको रकम पाउने आधारहरुः**

(क) बर्दगोरिया गाउँपालिका क्षेत्रभित्र स्थायी रुपले बसोबास गरेको हुनुपर्ने।
(ख) कुनै भवितव्य दुर्घटना, कालगति वा अन्य कारणले मृत्यु भएको हुनुपर्ने।
(ग) मृतकको परिवारका सदस्यले मृत्यु भएको मिति देखि ३५ दिन भित्र मलामी खर्च वापतको रकम प्राप्त गर्न निवेदन पेश गरेको हुनुपर्ने।

**६. मलामी खर्च आर्थिक सहायता वापतको रकम प्राप्त गर्न आवश्यक कागजातहरुः**

(क) अनुसूची १ बमोजिमको निवेदन फारम,
(ख) अनुसूची २ बमोजिमको मलामी खर्च आर्थिक सहायता उपलब्ध गराईदिने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ग) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(घ) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) मलामी खर्च आर्थिक सहायता प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतकसँग पारिवारीक नाता खुल्ने अन्य कागजात,
(च) मृतक नाबालक/नाबालिका भए निजको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,
(छ) मृतकको जन्मदर्ता र नागरिकता प्रमाणपत्र दुवै नभएको र नबनेको भए वडाको यथार्थ विवरण उल्लेख गरेको स्थलगत सर्जमिन मुचुल्का र सिफारिस,
(ज) मृतकको नागरिकता वा जन्मदर्ता अर्कै जिल्ला वा पालिकाको वडाबाट जारी भएको भए यस बर्दगोरिया गाउँपालिकाको वडामा बसाईसराईदर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, तर
बर्दगोरिया गाउँपालिका क्षेत्रभित्र बसोबास गरी बेवारिसे अवस्थामा रही कोही पनि परिवारको सदस्य नभएको व्यक्तिको हकमा भने वडा कार्यालयको सर्जमिन मुचुल्का र सिफारिसको आधारमा निज बसोबास गर्दै आएका घरधनी वा निजको जातिय परम्परा बमोजिम गरिने मृत्यूसंस्कार गर्ने व्यक्तिलाई प्रदान गरिनेछ।

**७. मलामी खर्च आर्थिक सहायता बापतको रकम पेश्की लिने प्रक्रियाः**

बर्दगोरिया गाउँपालिका भित्र स्थायी बसोबास गर्ने व्यक्तिहरुको मृत्यु भएको अवस्थामा मलामी खर्च वापत उपलब्ध गराइने रु १०,०००। मृतकको शव दाहसंस्कार हुने दिन नै वितरण हुने व्यवस्था मिलाई कार्यालयबाट पेश्की दिई कर्मचारी खटाई नगदै रकम मृतकका नातेदारलाई उपलब्ध गराउनु पर्नेछ। सो प्रयोजनको लागि कार्यालयबाट कुनै

२०८१।१०।२३

कर्मचारीलाई मलामी खर्चको लागि नगदै पेश्की उपलब्ध गराउनु पर्नेछ र निज कर्मचारीले मृतकको घरमा गई उक्त रकम उपलब्ध गराउनु पर्नेछ। रकम फर्छ्यौट गर्ने दायित्व पेश्की लिने कर्मचारीको हुनेछ।

**८. मलामी खर्च आर्थिक सहायता बापतको रकम पेश्की फर्छयौट प्रक्रियामा मृतकको परिवारको जिम्मेवारीः**

सम्बन्धित मृतकका आफन्तले कुलधर्म अनुसारको काजकृया सम्पन्न गरिसकेपछि बर्दगोरिया गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भई यस अघि लिएको मलामी खर्च वापतको रकमको पेश्की फर्छ्यौटको लागि निवेदन दिनुपर्नेछ र पेश्की लिई मृतकका परिवारलाई मलामी खर्च उपलब्ध गराउने कार्यालयको कर्मचारीलाई पेश्की फर्छ्यौटका लागी आवश्यक सहयोग गर्ने दायित्व मृतक पक्षको हुनेछ।

**९. पेश्की लिने कर्मचारीले पेश्की फर्छयौट गर्दाको जिम्मेवारीः**

मृतकको काजकृया सम्पन्न भएपश्चात ७ दिनभित्र निज मृतकका एकाघरका सदस्यहरुलाई मृत्युदर्ता लगायतका आवश्यक कागजातहरु बनाउन लगाई उक्त कागजातहरु संलग्न राखी पेश्की फर्छ्यौट गर्ने जिम्मेवारी बर्दगोरिया गाउँपालिका कार्यालयद्वारा तोकिएको कर्मचारीको हुनेछ।

**१०. विविधः**

(क) यस कार्यविधिको अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

(ख) यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(ग) कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**११. बाधा अडकाउ फुकाउः**

यस मलामी खर्च आर्थिक सहायता कार्यविधिको कार्यान्वयनको क्रममा कुनै पनि प्रकारको बाधा अडकाउ आएमा गाउँ कार्यपालिकाको बैठकले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

**अनुसूची १**

**मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराउने कार्यक्रम**

**मलामी खर्च आर्थिक सहायता वापतको रकम लिन पेश गरिने निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बर्दगोरिया गाउँ कार्यपालिकाको कार्यालय,
बर्दगोरिया, मुडा, कैलाली।

मितिः

विषयः मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराई पाउँ।

महोदय,

मेरो परिवारमा तपसिलका विवरणमा संलग्न घटना भएकोले बर्दगोरिया गाउँपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१ बमोजिम मलामी खर्च आर्थिक सहायता उपलब्ध गरिदिनुहुन अनुरोध छ।

तपसिलः

१. मृतकको नामथरः
२. नागरिकता प्र.पत्र नं. तथा ना.प्र.प. लिएको जिल्लाः
३. पति/पत्नीको नामथर र ना.प्र.प. नं.
४. परिवारको सदस्य संख्याः
५. मृत्यु भएको मितिः
६. मृत्युको कारणः
७. मृत्युदर्ता प्रमाणपत्र नं.
८. स्थायी ठेगानाः

निवेदक
सहीः.......................
नाम, थरः
मृतकसँगको नाताः

२०८१/१०/२२
नन्दा कु
प्रमुख प्रशास

मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराईदिने सिफारिसको ढाँचा

बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडा, कैलाली सुदूरपश्चिम प्रदेश नेपाल २०७२

श्री बर्दगोरिया गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मुडा, कैलाली ।

विषयः मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा साविक ............................. गा.वि.स. वडा नं. .................... हाल बर्दगोरिया गाउँपालिका वडा नं......... टोल .................... बस्ने श्री ...................... को नाती श्री ...............................को छोरा/छोरी श्री ............................ को पति/पत्नी बर्ष ............श्री ................................ मृत्यु मिति .................... गते .............................. कारणले भएको हुँदा बर्दगोरिया गाउँपालिका भित्र मृत्यू भएका परिवारलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१ बमोजिम मलामी खर्च आर्थिक सहायता वापतको खर्च रकम उपलब्ध गराईदिनु हुन सिफारिस साथ अनुरोध छ ।

..............................
नामः.............
वडा अध्यक्ष

अनुसुचि-३

मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउनुअघि तपसिल बमोजिमको मलामी खर्च आर्थिक सहायताको विवरण राख्नुपर्ने र आर्थिक सहायता उपलब्ध गराउनु प्रशासन शाखाबाट विवरण सहित आर्थिक प्रशासन शाखामा पठाउनुपर्नेछ।

तपसिलः

| सि.नं | मृतको नाम, थर | ठेगाना | मृत्य दर्ता भएको मिति | मृत्यु भएको मिति | निवेदकको नाम | मृतक संगको नाता | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

१०६
२०८१/१०/२३

नन्दा कुमारी भट्ट
प्रमुख प्रशासकीय अधिकृत